

csisa.org

# आनुवंशिक स्रोतको हस्तान्तरण सम्झौता

प्रकाश घिमिरे

संसारमा निरन्तर रूपमा खाद्यान्नको आवश्यकता बढिरहेको छ । खाद्यान्नको बढ्दो आवश्यकतालाई सम्बोधन गर्ने गरी विश्वमा विभिन्न प्रकारका खेती प्रणाली एवं प्रविधिहरूको विकास भएका छन् । तर केही त्यस्ता प्रणाली एवं प्रविधिहरूको कारण संसारमा पाइने कतिपय कृषिजन्य आनुवंशिक स्रोतहरु हराएर पनि गएका छन् । अर्कोतिर, खडेरी, बाढी-पहिरोजस्ता प्राकृतिक प्रकोप बढ्दै गएका कारण विश्वमा खाद्यबालीको खेतीमा जोखिम पैदा हुँदै गएको छ । यो परिस्थितिमा भावी दिनमा खाद्य सुरक्षा बढाउनका लागि कृषि तथा खाद्य बालीका जातहरूको संरक्षण, तिनको उचित व्यवस्थापन, एवं त्यस्ता स्रोतहरूमा कृषक समुदायको पहुँचलाई दीर्घकालसम्म सुनिश्चित गर्नु आवश्यक छ ।

कृषिजन्य आनुवंशिक स्रोतको व्यवस्थापनका सन्दर्भमा विश्वस्तरमा विभिन्न सन्धि-सम्झौताहरु भएका छन् । तीमध्ये खाद्य र कृषिका लागि वानस्पतिक आनुवंशिक स्रोतसम्बन्धी अन्तर्राष्ट्रिय सन्धि (International Treaty on Plant Genetic Resources for Food and Agriculture) एक महत्वपूर्ण सन्धि हो । यो सन्धि संयुक्त राष्ट्रसंघीय खाद्य तथा कृषि संगठनअन्तर्गत सन् २००१ मा

जारी भएको हो । यसले कृषि एवं खाद्य सुरक्षाका लागि कृषिजन्य आनुवंशिक स्रोतको महत्वलाई आत्मसात् गरेको छ । साथै खाद्य सुरक्षाका लागि अति महत्वपूर्ण ६४ प्रकारका कृषिजन्य तथा घाँसे बाली (सन्धिको अनुच्छेद १ मा समावेश गरिएको) का जातहरूको आनुवंशिक स्रोतमा कृषक समुदायको पहुँच स्थापित गर्न खोजेको छ । यो सन्धिले उल्लेखित ६४ बालीका जातहरूको आनुवंशिक स्रोतमा पहुँच चाहनेलाई पहुँच प्रदान गर्न बहुपक्षीय प्रणालीको व्यवस्था गरेको छ ।

बहुपक्षीय प्रणाली सन्धिको अनुच्छेद १ मा समावेश बालीका जातहरूको पहुँच लिने-दिने सन्दर्भमा व्यवस्था गरिएको विधि हो । यो सन्धिको अनुमोदन गरेपछि अनुमोदन गर्ने राष्ट्रहरूले यसको कार्यान्वयन गर्नुपर्ने हुन्छ । यो क्रममा ती राष्ट्रहरूले आफ्नो राज्यको व्यवस्थापन र नियन्त्रण (management and control) एवं सर्वसाधारणको जानकारी (public domain) मा रहेका जातहरूलाई अनिवार्य रूपमा यस प्रणालीमा आबद्ध गर्नुपर्ने हुन्छ । प्राकृतिक तथा कानूनी व्यक्तिको अधीनमा रहेका जातहरूलाई भने त्यस्तो प्रणालीमा आबद्ध गर्न पक्ष राष्ट्रहरूले प्रोत्साहित गर्नुपर्ने हुन्छ । सन्धिले त्यस्ता पदार्थहरूको संरक्षण गरिरहेका अन्तर्राष्ट्रिय जीन बैंकहरूको महत्वलाई समेत आत्मसात् गरेको छ र त्यस्ता बैंकहरूसँग सम्झौता गरेर उनीहरूसँग भएका पदार्थलाई बहुपक्षीय प्रणालीमा आबद्ध गरिने उल्लेख गरेको छ । यो कार्य गरेपछि उल्लेखित ६४ प्रकारका बालीका विभिन्न भूगोल र परिवेशमा रहेका धेरैभन्दा धेरै जातमा पहुँच स्थापना हुने सन्धिको अपेक्षा रहेको छ । तर बहुपक्षीय प्रणालीमा आबद्ध भएका आनुवंशिक स्रोतमा सन्धिका सदस्य राष्ट्र, एवं ती राष्ट्रका व्यक्ति तथा संस्थाले मात्र पहुँच प्राप्त गर्नसक्ने प्रबन्ध गरिएको छ ।

## आनुवंशिक पदार्थ हस्तान्तरण सम्झौता

सन्धिअनुसार बहुपक्षीय प्रणालीमार्फत् बालीका आनुवंशिक स्रोतमा पहुँच प्राप्त गर्न पहुँच लिने-दिनबीच निश्चित प्रकारको सम्झौता गर्नुपर्ने हुन्छ । सन् २००६ मा भएको सन्धिको पहिलो उच्चस्तरीय सम्मेलनले त्यस्तो सम्झौता जारी गरेको छ जसलाई Standard Material Transfer Agreement (SMTA) भनिन्छ । तसर्थ अब सदस्य राष्ट्रहरूले सन्धिको अनुच्छेद १ मा समावेश बालीका जातहरूको आनुवंशिक पदार्थमा पहुँच दिँदा उक्त सम्झौताअनुरूप कार्य गर्नुपर्ने हुन्छ ।

## सम्झौतामा रहेका महत्वपूर्ण पक्ष

खाद्य सुरक्षाका लागि अति महत्वपूर्ण बालीका आनुवंशिक पदार्थहरु विश्वमा जहाँ पाइए पनि पहुँच प्राप्त गर्न सकियोस भनेर यस्तो सम्झौताको प्रबन्ध गरिएको हो । उक्त सम्झौताले यो विधिबाट

**कोष्ठक १ बहुपक्षीय प्रणालीअन्तर्गत हुने आनुवंशिक पदार्थ हस्तान्तरण सम्झौतामा उल्लेख गर्नुपर्ने विभिन्न पक्षको दायित्व**

### पदार्थ उपलब्ध गराउनेको दायित्व

- पदार्थ चाहने पक्षले चाहेको पदार्थमा पहुँच प्रदान गर्ने ।
- पहुँचसँगै पदार्थको आनुवंशिक चरित्र, पासपोर्ट डाटालगायत सार्वजनिक गर्न मिल्ने अन्य जानकारी प्रदान गर्ने ।
- पहुँचको विधि देशको राष्ट्रिय कानूनले तोकेअनुसार गर्ने । राष्ट्रिय कानून नभएमा आफ्नो देशले स्वीकार गरेका अन्तर्राष्ट्रिय सन्धि-सम्झौताअनुरूप गर्ने ।
- आफूले गरेका सबै आनुवंशिक पदार्थ हस्तान्तरण सम्झौता र त्यसको विवरण आवधिक रूपमा सन्धिको उच्चस्तरीय सम्मेलनलाई उपलब्ध गराउने ।
- यस्तो पहुँच प्रदान गर्दा निशुल्क वा ज्यादै कम प्रशासनिक शुल्कमात्र लिने ।
- बौद्धिक सम्पत्तिको अधिकार संरक्षण गरिएको कृषिजन्य आनुवंशिक स्रोतमा पहुँच दिँदा सम्बन्धित राष्ट्रिय कानूनअनुरूप दिने ।

### पदार्थ प्राप्त गर्नेको दायित्व

- पहुँच लिइएको आनुवंशिक पदार्थ कृषि तथा खाद्यजन्य अनुसन्धान, प्रजनन एवं तालिमबाहेक अन्य कार्यमा प्रयोग नगर्ने ।
- पहुँच लिइएको पदार्थमा प्राप्त गरिएकै रूपमा बौद्धिक सम्पत्तिलगायत कुनै प्रकारका अधिकार दावी नगर्ने ।
- पहुँच लिएको पदार्थलाई सोही रूपमा संरक्षण गरेर राखेको भए उक्त पदार्थ र त्यसको आनुवंशिक चारित्रिक गुणलगायतका जानकारी बहुपक्षीय प्रणालीलाई उपलब्ध गराउने ।
- पहुँच प्राप्त गरिएको पदार्थमा अरू कुनै पक्षलाई पहुँच दिँदा उही प्रकारको आनुवंशिक पदार्थ हस्तान्तरण सम्झौता गर्ने र सोको जानकारी सन्धिको उच्चस्तरीय सम्मेलनलाई दिने ।
- पहुँच प्राप्त गरिएको पदार्थको व्यवसायिक उपयोग गरेमा त्यसबाट प्राप्त हुने लाभको समन्यायिक हिस्सेदारी लाभको बाँडफाट कोष (Benefit Sharing Fund) मा दाखिला गर्ने । यस्तो व्यवसायिक उपयोग गर्दा हरेक वर्षको कारोबार विवरण र व्यवसायसम्बन्धी अन्य जानकारी कोषलाई बुझाउने ।

### तेस्रो पक्षको दायित्व

- बहुपक्षीय प्रणालीअन्तर्गत पहुँच प्रदान गर्नका लागि भएका आनुवंशिक पदार्थ हस्तान्तरण सम्झौताहरूको विवरण प्राप्त गर्ने ।
- पहुँच लिने पक्षबाट पदार्थको व्यवसायिक उपयोग भएमा सोको वार्षिक कारोबार, कूल आम्दानी तथा असूल हुन बाँकी रकमजस्ता वित्तीय जानकारी प्राप्त गर्ने ।
- पदार्थमा पहुँच प्राप्त गर्ने पक्षले पदार्थको व्यवसायिक उपयोगबापत उपलब्ध गराउने समन्यायिक हिस्सेदारीबापतको रकम प्राप्त गर्ने ।
- पहुँच प्राप्त गरिएको पदार्थमा आधारित अनुसन्धान र विकासको नतिजा, प्रविधि हस्तान्तरण तथा क्षमता अभिवृद्धिसम्बन्धी विभिन्न सहयोगजस्ता गैरमौद्रिक लाभको वितरणको समन्वय गर्ने ।
- कृषिजन्य आनुवंशिक स्रोतको संरक्षण र दिगो उपयोगमा सघाउ पुर्‍याउने खालका प्रविधि, अभ्यास तथा ज्ञानमा सहज पहुँचका लागि समन्वय गर्ने ।

पहुँच प्राप्त गरेको आनुवंशिक स्रोतको उपयोग के-कस्ता क्षेत्रमा गर्न मिल्छ, एवं लाभको बाँडफाँट कसरी गर्नु पर्दछ भनेर स्पष्ट पारेको छ । तर पहुँच लिने-दिनेबीच त्यस्तो सम्झौता गर्दा आनुवंशिक स्रोत उपलब्ध गराउने देशको सार्वभौम अधिकारलाई सम्मान गर्नुपर्ने तथा सम्बन्धित देशको राष्ट्रिय कानून भने मान्नै पर्ने हुन्छ ।

SMTA पहुँच चाहने व्यक्ति वा संस्था र पहुँच प्रदान गर्ने निकायबीच गर्नुपर्ने हुन्छ । त्यस्तो सम्झौतामा बहुपक्षीय प्रणालीमार्फत् दिइने पहुँचका सन्दर्भमा पालना गर्नुपर्ने शर्तहरू उल्लेख गरिन्छ । सम्झौतापश्चात् स्रोतको अख्तियारवालाले पदार्थ उपलब्ध गराउँदछ । पदार्थसँगै पदार्थको चारित्रिक विशेषतालगायत अनुवंशसम्बन्धी अन्य जानकारीसमेत उपलब्ध गराउनु पर्ने हुन्छ । यहाँ उल्लेख गर्नुपर्ने अर्को कुरा के छ भने त्यस्तो सम्झौतामा आनुवंशिक पदार्थमा पहुँच दिने र लिनेबाहेक सन्धिको सचिवालयलाई तेस्रो पक्ष भनेर उल्लेख गर्नुपर्ने हुन्छ । पहुँचका लागि सम्झौता गर्दा यो पक्षलाई पहुँच लिने-दिने दुवै पक्षले स्वीकार गर्नुपर्ने एवं उसको कार्य क्षेत्रसमेत अनिवार्य रूपमा तोक्नुपर्ने हुन्छ *(कोष्ठक १)* ।

यसबाहेक त्यस्तो सम्झौतामा विवाद समाधानको विधिसमेत उल्लेख गर्नुपर्ने हुन्छ । विवाद समाधानको लागि उल्लेखित तीन पक्षमध्ये जसले सुरूवात गरेपनि हुन्छ । तर सन्धिको सचिवालयका लागि प्रमाण जुटाएर आफैँ विवाद समाधानको सहजीकरण गर्नसक्ने वा एउटा स्वतन्त्र निकायले संयोजन गर्ने गरी तोक्नसक्ने अधिकारको प्रबन्ध सम्झौतामा गर्नुपर्ने हुन्छ । उल्लेखित विधिबाट समाधान नभएमा वाणिज्यसम्बन्धी अन्तर्राष्ट्रिय मध्यस्थताको नियम (Rules of Arbitration of the International Chamber of Commerce) अनुरूप समाधान गर्ने कुरा सम्झौतामा लेख्नु पर्ने हुन्छ ।

## नेपालको चासोका मुद्दा

नेपालले यस अन्तर्राष्ट्रिय सन्धिलाई वि.सं. २०६७ मा अनुमोदन गरेको हो । तसर्थ अब यो सन्धि नेपाल सरकारले समेत कार्यान्वयन गर्नुपर्ने भएको छ । तर यो प्रक्रियामा केही कठिनाइ देखा परेका छन् जसको निरूपण गर्न नसके सन्धि, बहुपक्षीय प्रणाली तथा SMTA को नै कार्यान्वयन गर्न कठिनाइ आउने देखिन्छ ।

१. **राज्यको नियन्त्रण र व्यवस्थापनमा रहेको स्रोत भन्ने कुरालाई कसरी बुझ्ने:** नेपालले सन्धिको अनुमोदन गरिसकेको छ । तसर्थ अब यसले सन्धिको अनुच्छेद १ मा समावेश ६४ बालीमध्ये राज्यको नियन्त्रण र व्यवस्थापनमा भएका आनुवंशिक पदार्थ तथा तिनको आनुवंशिक चरित्रसम्बन्धी जानकारीमा पहुँच बहुपक्षीय प्रणालीमार्फत् उपलब्ध गराउनु पर्ने हुन्छ । नेपालमा कृषिजन्य आनुवंशिक स्रोतको राष्ट्रिय प्रणालीका रूपमा राष्ट्रिय कृषि आनुवंशिक स्रोत केन्द्र (जीन बैंक) ले कार्य गरिहेको छ । यीबाहेक अनुसन्धान र विकासको प्रयोजनका लागि विश्वविद्यालय, गैरसरकारी संस्था, सामुदायिक बीउ बैंकहरूमा समेत महत्वपूर्ण आनुवंशिक पदार्थहरू रहेका छन् । तर कहाँ-कहाँ रहेका आनुवंशिक स्रोतलाई राज्यको नियन्त्रण र व्यवस्थापनमा रहेका स्रोत मान्ने भनेर परिभाषित गर्ने कुनै त्यस्तो कानूनी प्रबन्ध चाहिँ हुन सकेको छैन ।

**उक्त सम्झौताले यो विधिबाट पहुँच प्राप्त गरेको आनुवंशिक स्रोतको उपयोग के-कस्ता क्षेत्रमा गर्न मिल्छ, एवं लाभको बाँडफाँट कसरी गर्नु पर्दछ भनेर स्पष्ट पारेको छ ।**

नेपाल सरकारले आफ्नो तर्फबाट कुन-कुन बालीका आनुवंशिक स्रोतहरु बहुपक्षीय प्रणालीमार्फत् उपलब्ध गराउने भनेर आजभोलि छलफललाई अगाडि बढाइरहेको छ । तर माथि उल्लेखित प्रकारको कानूनी आधार तयार भइनसकेको परिस्थितिमा विद्यमान छलफलले कहाँ-कहाँ उपलब्ध जातहरूलाई के आधारमा बहुपक्षीय प्रणालीमा आबद्ध गर्ने भनेर दिशा निर्देश गर्न कठिन पर्ने देखिन्छ ।

२. **कस्तो कृषिजन्य आनुवंशिक स्रोतलाई सार्वजनिक जानकारीमा रहेको स्रोत मान्ने:** सन्धिले उल्लेखित ६४ प्रकारका बालीहरूमध्ये राज्यको नियन्त्रण र व्यवस्थापन, तथा सर्वसाधारणको जानकारी (public domain) मा रहेका जातलाई बहुपक्षीय प्रणालीमा आबद्ध गर्न सदस्य राष्ट्रहरूलाई निर्देश गरेको छ । तर नेपालमा आनुवंशिक स्रोतको अभिलेखीकरण स्थानीय र राष्ट्रियस्तरमा यथेष्टमात्रामा संस्थागत हुन सकेको छैन । यससम्बन्धी धेरैजसो जानकारी जनश्रुतिमा आधारित छन् । त्यसैले सर्वसाधारणको जानकारीमा भए-नभएको कुरालाई परिभाषित गर्ने स्पष्ट कानून नभएको परिवेशमा कुनै आनुवंशिक स्रोतलाई सार्वजनिक जानकारीमा रहे-नरहेको भन्नका लागि कानूनी एवं प्रमाणिक रूपमा कठिन पर्ने देखिन्छ ।

३. **प्राकृतिक तथा कानूनी व्यक्तिलाई प्रोत्साहित गर्दा कृषक समुदायका अधिकारलाई कसरी सम्बोधन गर्ने:** सन्धिको पक्ष राष्ट्र भएका कारण नेपालले उपयुक्त उपायहरू (appropriate measures) अपनाइ यहाँका प्राकृतिक र कानूनी व्यक्ति अधीनस्थ कृषिजन्य आनुवंशिक स्रोतहरु बहुपक्षीय प्रणालीमा आबद्ध गराउन प्रोत्साहित गर्नुपर्ने हुन्छ । यो प्रबन्धअनुसार बहुपक्षीय प्रणालीमा आफ्नो अधीनमा रहेका स्रोतहरू आबद्ध गराउन यहाँका प्रजनक, बीउ कम्पनीका अतिरिक्त कृषकहरूलाई समेत नेपालले प्रोत्साहित गर्नुपर्ने हुन्छ । तर यसरी बीउबिजनको विकास र संरक्षणको कार्य गर्ने समुदायलाई प्रोत्साहित गर्दा बीउबिजनको उपयोग गर्ने साधारण कृषक समुदायको अधिकारलाई कानूनीरूपमा कसरी सुरक्षित राख्ने भन्ने विषय अझ महत्वपूर्ण हुने देखिन्छ । साथै उनीहरूसँग रहेका स्रोतको संरक्षणको जिम्मेवारी कसको हुने र कसरी गरिने भन्ने पक्षलाई पनि सम्बोधन गर्नुपर्ने हुन्छ ।

४. **स्वस्थानीय संरक्षणमा रहेका स्रोतमा पहुँच कसरी प्रदान गर्ने:** नेपालमा आनुवंशिक स्रोतको संकलन, चारित्रिक विशेषताको पहिचान (characterisation), एवं संरक्षणको कार्य मूलतः राष्ट्रिय कृषि आनुवंशिक स्रोत केन्द्रले गर्दै आएको छ । तर अझै परम्परागत कृषि चलन रहेको र

राष्ट्रिय कृषि आनुवंशिक स्रोत केन्द्रको कार्य व्यापक भइनसकेको परिस्थितिमा यहाँ त्यस्ता स्रोतहरु स्वस्थानीय अवस्थामा नै प्रशस्तमात्रामा पाइन्छन् । त्यसैले नेपालको स्वस्थानीय अवस्थामा रहेका त्यस्ता स्रोतमा पहुँचको विषय अझ महत्वपूर्ण हुन्छ ।

सामान्यतया बालीका जातहरु आफ्नो मौलिक बासस्थानमा प्राकृतिक एवं मौलिक रूपमा उपलब्ध हुनसक्ने अवस्थालाई स्वस्थानीय संरक्षण भनिन्छ । तर यसको परिभाषामा स्पष्टता विश्वस्तरमा समेत देखिन्न । उदाहरणका लागि सर्वसाधारणको जानकारीमा रहेकोलाई मात्र स्वस्थानीय अवस्थामा रहेको मान्ने वा विकासको प्रक्रियामा रहेका जातलाई पनि मान्ने भन्ने विवाद अन्तर्राष्ट्रिय स्तरमा नै रहेको छ ।

सन्धिले स्वस्थानीय संरक्षणमा रहेका त्यस्ता स्रोतमा पहुँच सम्बन्धित देशको राष्ट्रिय कानूनअनुसार उपलब्ध गराउन निर्देश गरेको छ । तर नेपालमा कृषिजन्य आनुवंशिक स्रोतमा पहुँचको प्रबन्ध गर्ने कानून हालसम्म नभएकोले नेपालमा के आधारमा कुनै स्रोत स्वस्थानीय अवस्थामा रहेको वा नरहेको मान्ने एवं तिनको पहुँच लिने-दिने विधि के-कस्तो हुने भन्ने कुरा अष्पष्ट नै छ । त्यसैले आनुवंशिक पदार्थ हस्तान्तरण सम्झौताको कार्यान्वयन गर्न अहिलेकै अवस्थामा थप जटिल हुने देखिन्छ ।

५. **समन्यायिक हिस्सेदारी के आधारमा तोक्ने र लाभको बाँडफाँट कोषबाट कसरी स्रोतहरू प्राप्त गर्ने:** कृषिजन्य आनुवंशिक स्रोतबाट कृषक समुदायलाई लाभान्वित गराउने एउटा माध्यमको रूपमा यस सन्धिमा लाभको बाँडफाँट कोषको अवधारणा अघि सारिएको छ ।[१] यो कोषमा बहुपक्षीय प्रणालीबाट पहुँच लिएर स्रोतको व्यवसायीकरण गरेपछि प्राप्त हुन आएको लाभको समन्यायिक हिस्साबापतको रकम जम्मा गरिन्छ । तर समन्यायिक हिस्सेदारीको विषयमा विश्वस्तरमा अझै विवाद कायम रहेको र देशभित्र समेत त्यस्तो हिस्सेदारी परिभाषित गर्ने कानूनी आधार नभएकोले नेपालमा पाइने कृषिजन्य आनुवंशिक स्रोतमा आनुवंशिक पदार्थ हस्तान्तरण सम्झैतामार्फत् पहुँच दिन त्यति सहज देखिन्न ।

अर्को कुरा, लाभको बाँडफाँट कोषको स्रोत नेपालजस्तै विकासोन्मुख, पर्यावरणीय दृष्टिले जोखिममा परेका देशका कृषक समुदायलाई प्रदान गरिने हो जसले कृषिजन्य आनुवंशिक स्रोतको संरक्षण र दिगो उपयोगलाई सघाइरहेका छन् । तर उक्त कोषबाट स्रोत प्राप्त गर्ने प्रक्रिया हाम्रोजस्तो देशको कृषक समुदायका लागि जटिल र अपारदर्शी खालको छ । त्यसैले कृषक समुह, सामुदायिक बीउ बैंकजस्ता स्थानीय स्तरमा रहेका समुदायलाई उक्त कोषबाट लाभान्वित गराउन परियोजना प्रस्ताव निर्माण देखि नै प्राविधिक सहयोग प्रदान गर्नुपर्ने देखिन्छ । यसका लागि नेपाल सरकारका सम्बन्धित विभिन्न निकायहरूको कार्य क्षमता अभिबृद्धिका लागि कार्य गर्नु पनि उत्तिकै जरूरी देखिन्छ । ■

[१] दाहाल, स्मृति. २०७१. लाभको बाँडफाँट कोष. *नीतिसार*. काठमाडौं: साउथ एसिया वाच एण्ड ट्रेड, इकोनोमिक्स एण्ड एन्भायरोन्मेन्ट (सावती) ।

## थप जानकारी र प्रतिक्रियाका लागि

सावती (South Asia Watch on Trade, Economics and Environment–SAWTEE)
पो.ब.नं.: १९३६६, टुकुचा मार्ग, काठमाडौं
फोन: ४४२४३६०, ४४४४४३८, फ्याक्स: ४४४४५७०
इमेल: sawtee@sawtee.org, वेब: www.sawtee.org

साउथ एसिया वाच अन ट्रेड, इकोनोमिक्स एण्ड एन्भायरोन्मेन्ट (सावती) को स्थापना सन् १९९४ मा दक्षिण एसियाका गैरसरकारी संस्थाहरुको संयुक्त प्रयासबाट भएको हो । दक्षिण एसियाका ११ संस्था सदस्य रहेको सावती उदारीकरण, विश्वव्यापीकरण र विश्व व्यापार संगठनसम्बन्धी विषयवस्तुमा अनुसन्धान र सम्बन्धित सरोकारवालाको क्षमता अभिवृद्धि गर्ने उद्देश्यका साथ दक्षिण एसियाली क्षेत्रीय सञ्जालको रूपमा कार्यरत छ । त्यस्तै गैरसरकारी संस्थाका रूपमा सन् १९९९ मा नेपालमा दर्ता भई सावतीले राष्ट्रिय र स्थानीय स्तरमा विभिन्न परियोजना र कार्यक्रमहरु पनि संचालन गर्दै आएको छ ।

एफएनआई (Fridtjof Nansen Institute-FNI)
पो.ब.नं.: ३२६, १३२६ लाइसाकर, नर्वे
फोन: (+४७) ६७१११९००
इमेल: post@fni.no
वेब: www.fni.no

फ्रिदोफ नानसीन इन्स्टिच्युट (एफएनआई) पर्यावरण, उर्जा तथा स्रोत व्यवस्थापनसम्बन्धी अन्तर्राष्ट्रिय राजनीतिका विषयमा अध्ययन-अनुसन्धान गर्ने एक संस्था हो । नर्वेस्थित यस संस्थाले पर्यावरणका सन्दर्भमा विश्वव्यापी कानूनी एवं शासकीय व्यवस्था, जलवायु परिवर्तन, जैविक विविधता तथा आनुवंशिक स्रोतलगायत सातवटा विभिन्न क्षेत्रमा कार्य गर्दै आएको छ । यसले नर्वेलगायत विश्वका विभिन्न देशमा मूलत: प्राज्ञिक अध्ययन-अनुसन्धानको कार्य गर्दै आएको छ । यस संस्थाले राजनीतिशास्त्र र अन्तर्राष्ट्रिय कानूनको क्षेत्रमा आफ्नो कार्यलाई मुख्यरूपमा केन्द्रित गर्ने गरेको छ ।

यो नीतिसारका लेखक प्रकाश घिमिरे सावतीका कार्यक्रम अधिकृत हुनुहुन्छ । कपिराइट: सावती, २०७१, सज्जा: विपेन्द्र घिमिरे (इफेक्ट), मुद्रक: जगदम्बा प्रेस, ललितपुर ।
यो नीतिसार सावती र एफएनआईको सहकार्यमा संचालित परियोजना *International Objectives for Adaptation, Access and Benefit Sharing: Effects on the Management of Plant Genetic Resources in India and Nepal* अन्तर्गत तयार पारिएको हो । यसमा प्रकाशित विचार तथा मान्यताहरू लेखककै हुन्, सावती र एफएनआईका नहुन पनि सक्छन् ।